# सिमकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सिमकोट, हुम्ला

कर्णाली प्रदेश नेपाल

## *आ.व. २०८०/०८१ को वार्षिक नीति, कार्यक्रम*

*मिति : २०८०।०३।०९*

**सिमकोट गाउँपालिकाको ७ औ गाउँसभाका प्रमुख अतिथि, प्रमुख जिल्ला अधिकारी श्री श्रीनाथ पौडेल ज्यु, सिमकोट गाउँपालिकाका उपाध्यक्ष श्री सुशिला रोकाया ज्यु, हुम्ला जिल्ला स्थित राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यु, सिमकोट गाउँपालिकाका प्रवक्ता श्री नन्द वहादुर रावत ज्यु, जिल्ला स्थित सुरक्षा निकायका प्रमुख एवं प्रतिनिधि ज्यु, सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधि ज्यु, प्रमुख प्रशासकीय अधिकृत ज्यु, आठ वटै वडाका वडा अध्यक्षज्यु, गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरु, सिमकोट गाउँपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीज्यूहरु , विद्यालयका प्र.अ ज्युहरु, पत्रकार मित्रहरु, गाउँबासी आमा, बुबा, दिदी, बहिनी, दाजु, भाई, , सम्पुर्ण विद्यार्थी भाईबहिनीहरु र उपस्थित सम्पूर्ण महानुभावहरु,**

१. सर्वप्रथम, सिमकोट गाउँपालिकाको गाउँसभाको ७ औ अधिवेशनमा हार्दिक स्वागत गर्दछु । स्थानीय तहको दोस्रो निर्वाचन (२०७९) पश्चात जन अनुमोदित भएको दोस्रो वर्षको यस सम्मानित गाउँ सभा समक्ष आगामी आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ ।

२. म यस गाउँ सभाको महत्वपूर्ण घडीमा इतिहासका विभिन्न कालखण्डमा भएका लोकतान्त्रिक आन्दोलन, जनआन्दोलन जनयुद्धहरुमा आफ्नो प्राण आहुति गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्नुका साथै सहिद परिवारजनमा हार्दिक सम्मान प्रकट गर्दछु । मुलुकको सार्वभौमिकता, स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धीका लागि संघर्ष गर्नु हुने नेपाली नागरिक र नेतृत्व गर्नु हुने आदरणीय अग्रज व्यक्तित्वहरु प्रति हार्दिक आभार तथा सम्मान प्रकट गर्दछु ।

३. नेपालको संवैधानिक प्रावधान बमोजिम सार्वभौमसत्ता जनताको चयन मार्फत निर्वाचित प्रतिनिधिबाट गठन भएको गाउँपालिका गाउँबासीहरुको आधारभूत हक तथा अधिकार प्रति सचेत र सदृश्य रहदै सिमकोट गाउँपालिका **"उच्च हिमाली, विविधतायुक्त, व्यापारिक र पर्यटकीय सहर : समृद्ध हाम्रो सिमकोट नगर"** बनाउने दीर्घकालिन सोच, नेपाल सरकारको पन्ध्रौ योजना, दिगो विकासका लक्ष्य, संघ र प्रदेश सरकारको बजेट तथा प्राथमिकता र गाउँबासीका आधारभूत आवश्यकता पुरा गर्ने अभियानप्रति पूर्ण प्रतिबद्ध छौ ।

४. अहिले देशमा आर्थिक मन्दि र खस्किदो अर्थतन्त्रका कारण संघ र प्रदेशबाट प्राप्त बजेट सिलिङ घटदो क्रममा रहेको अवस्थामा छ । सिमित स्रोत साधनलाई समुचित वितरण र अधिकतम प्रयोगवाट नागरिकको विकास र परिवर्तनको चाहानालाई अधिकतम सम्बोधन गर्न, उल्लेख्य जनसहभागीता, सामूहिक हित, समन्वय र सहकार्य र साझेदारी मार्फत विकास, समृद्धीको स्थानीय लक्ष्य हाँसील गर्ने र स्थानीय सरकार गाउँबासीका आशा भरोसा र विश्वासलाई जोड्ने महत्पूर्ण औजारका रुपमा रहनुपर्छ भन्ने कुरामा म विशेष सचेत र सतर्क छु ।

**उपस्थित महानुभावहरु,**

**यस सम्मानित सभा समक्ष अब म चालु आ.व २०७९।८० मा भए गरेका उल्लेख्य महत्वपूर्ण उपलब्धीहरुलाई नागरिक समक्ष जानकारी गराउन स्थानीय सरकारको दायित्व हो भन्ने ठानेको छु । तसर्थ, यस सम्मानित सभा समक्ष चालु आ.व मा सम्पन्न भएका मुख्य क्षेत्रगत कार्यक्रमहरुको उपलब्धीहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

५. यस आ.व.२०७९।८० मा १५६ वटा आयोजनाहरु दर्ता भएका छन, जसमा १५० वटा सम्झौता भएका छन, ३७ वटा आयोजनाहरु सम्पन्न भएका छन, ४ वटा आयोजनाको रनिङबिल उठेको छ भने ७० वटा आयोजनाहरुको पेश्की निकासा कार्य भएको छ ।

६. यस आ.व. मा सिमकोट गाउँपालिकाबाट २७७५ वटा पशुको मेडिकल उपचार, ६८ वटाको वन्ध्याकरण, १६७४० वटालाई खोप (एचविक्यु, रानीखेत र रेविज) प्रदान गरिएको छ ।

७. यस आ.व मा जम्मा ८८० जनाको जन्मदर्ता, ९१ जनाको मृत्यु दर्ता, ११० जनाको विवाह दर्ता, १४ जनाको बसाइसराई गरि जम्मा १०९५ जनाको अनलाईन घटनादर्ता कार्य सम्पन्न भएको छ । साथै, ६८० जना अन्य जेष्ठ नागरिक, १३० जना अति असक्त अपागं, ६० जना असहाय एकल महिला, ९१ जना पूर्ण अपागं, १९० जना विधवा महिला, ४७६ जना जेष्ठ नागरिक, १५७२ जना बालबालिका गरि जम्मा ३२१७ जनालाई सामाजिक सुरक्षा भत्ता वितरण भएको छ ।

८. यस आ.व. मा २० जना महिलाहरुलाई लामा जातीको भेषभुषा झल्किने रातो काम्लो, सल बख्खु बुनाई सम्बन्धी २० दिने सिप विकास तालिम प्रदान गरिएको छ , ८० जनाको छोरी खाता सञ्चालन गरिएको छ , ३९ जना लाई अपांगता कार्ड वितरण भएको छ, ७५ जना महिलाहरुलाई धुप, बेमौसमी तरकारी खेती र रातो काम्लो रंगाउने सम्बन्धी तालिम प्रदान भएको छ । भने ८ वटा वडा र १ गाउँपालिकास्तरमा बालक्लव गठन कार्य सम्पन्न भएको छ । साथै, १२० जना गर्भवती महिलाहरुलाई पोषण सामग्री वितरण र राष्ट्रिय युवा परिषद सँगको सहकार्यमा ३५ जना युवाहरुलाई स्वरोगारमुलक तालिम प्रदान गरिएको छ र २० जना युवाहरुलाई धुप र तरकारी खेती सम्बन्धी १५ दिने तालीम सम्पन्न भएका छन ।

९. राष्ट्रपति शैक्षिक सुधार अन्त्रगत ४ वटा विद्यालयको भवन निर्माण भएका छन, दुईवटा विद्यालय समायोजन कार्य सम्पन्न भएको छ । साथै, ६४७ जनालाई दिवा खाजा वितरण, प्राथमिक तहका १७०० विद्यार्थी दिवा खाजा वितरण, ६७८ जना दलित विद्यार्थीलाई छात्रवृती वितरण, कक्षा १ देखि ८ सम्मका २३०० छात्र/छात्रालाई छात्रवृति वितरण, ७ वटा मा.वि. र ३ वटा आ.वि. मा ६६६५ प्याकेट स्यानीटरी प्याड प्याकेट वितरण गरिएको छ । ३ वटा विद्यालयमा पुस्तकालय र ३ वटा विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना भएको छ ।

१०. कृषि विकास कार्यक्रम अन्त्रगत २४० जना कृषकलाई बिउँविजन वितरण, २२५ जना कृषकलाई नयाँ स्याउको बगैंचा स्थापनाका लागि ७०० वटा स्याउका कलमी बिरुवा वितरण, ११ वटा नयाँ ओखरका बगँैचा स्थापना, माटो परीक्षण सेवालाई विस्तारलाई निरन्तरताका लागि मिनिल्याव स्थापना, १५ जना दलित महिलाको आय

आर्जनका लागि कृषकलाई टर्नेल निर्माण गरि बेमौसमी तरकारी खेती सञ्चालन गर्ने कार्य सम्पन्न भएको छ। साथै, सिमकोट गाउँपालिकामा उत्पादन हुने रैथाने वालीको संकलन, भण्डारण खाद्यसस्थान संगको सहकार्यमा काठमाण्डौमा बजारीकरण भईरहेको छ।

११. सिमकोट गाउँपालिकामा खानेपानी परीक्षण प्रयोगशाला स्थापना, ७ वटा खानेपानी मुहानको क्लोरिनेसन र एउटा खानेपानीमा अटोक्लोरीनेसन गर्ने कार्य सम्पन्न भएको छ।

१२. सिमकोट गाउँपालिकाको फोहरमैला व्यवस्थापनका लागि एउटा डम्पीङसाईट निर्माण र यातायात व्यवस्थापनका लागि मिनी बसपार्क निर्माणाधिनमा रहेको छ। साथै, आकस्मिक विपदवाट प्रभावितका लागि ५० वटा पाल, ५० वलाङकेटहरु स्टोर गरिएको छ।

१३. यस आ.व. मा ११० वटा नयाँ व्यवसाय दर्ता भएका छन, ४ वटा लघु उद्यम दर्ता, घ वर्गको ईजाजत पत्र दर्ता ११ वटा र १०७ वटा नविरकण र ७८ वटा सहकारी सस्थालाई सवलीकरण गरि ३२ वटाको सस्थागत सवलीकरण गर्ने कार्य सम्पन्न भएको छ।

१४. न्यायिक समिति अन्तर्गत यस आ.व. २०७९।८० मा मिति २०८० असार ८ गते सम्म नयाँ दर्ता भएका मुद्धा संख्या ३६ जसमध्ये मिलापत्र भएका १९, मिलापत्र को प्रक्रियामा रहेका १५ र सम्प्रेषण २ रहेका छन। साथै, २४ जना सामुदायीक मेलमिलापकर्ता लाई ४८ घण्टे आधारभुत मेलमिलाप सम्बन्धी तालीम प्रदान गरिएको छ। साथै, २४ जना सामुदायीक मेलमिलापकर्ता लाई ४८ घण्टे आधारभुत मेलमिलाप सम्बन्धी तालीम प्रदान गरिएको छ।

१५. सिमकोट गाउँपालिकाका सबै वडा तथा पालिकालाई पूर्ण खोप सुनिश्चित दिगोपना घोषणा गरिएको छ। सबै स्वास्थ्य चौकी हरुमा स्तनपान कक्ष स्थापना गरिएको छ र चार वटा स्वास्थ्य चौकीहरुमा पोषण कर्नर स्थापना गर्ने कार्य सम्पन्न भएको छ।

१६. सिमकोट गाउँपालिका मा गर्भवती तथा सत्केरी अवस्थाको जटीलतालाई समयमा पत्ता लगाउनका लागि गा्रमीण अल्ट्रासाउण्ड कार्यक्रम बस्ती बस्तीमा सञ्चालन, हुम्ला जिल्लाका अन्य गाउँपालिकाको सहकार्यमा एकिकृत घुम्ती शिविरको आयोजना, पाठेघर क्यान्सर, आङ खस्ने, तल्लो पेट दुख्ने, फीस्टुला लगाएतका प्रजनन रोग सम्बन्धी घुम्ती स्वास्थ्य शिविर सञ्चालन, खोप सेवाको कभरेज बढाउनका लागि चौरी जुमा खर्कहरुमा घुम्ती खोप शिविर सञ्चालन, विद्यालय किशोरी हरुलाई महिनावारी स्वास्थ्यका लागि आवश्यक सरसफाइका समाग्री पेन्टी साबुन लगाएत वितरण र सिघ्र कुपोषणको पहिचान,उपचार ,व्यवस्थापनका लागि चार वटा स्वास्थ्य चौकीमा बहिरङ्ग उपचार केन्द्र सञ्चालनमा ल्याइएको छ।

**उपस्थित महानुभावहरु,**

१७. अब म आगामी आ.व. २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु र प्राथमिकताहरु निम्न अनुसार निर्धारण गरेको छु।

–नेपालको संविधानको अनुसूचि ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको नीति तथा निर्देशक सिद्धान्तहरु,

–नेपाल सरकारले प्रतिबद्धता जनाएका दिगो विकासका लक्ष्यका सुचकहरु

–संघीय सरकारले अङ्गीकार गरेको पन्ध्रौ आवधिक योजनाले निर्धारण गरेको लक्ष्य, नीति तथा प्राथमिकताहरु,

–संघीय सरकारले अङ्गीकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु,

–कर्णाली प्रदेश सरकारले अङ्गीकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु,

–स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संसोधन सहित),

–यस गाउँपालिकाको आवधिक योजना निदिष्ट दिर्घकालिन सोच, लक्ष्य र उदेश्यहरु,

–सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरु,

–राजश्व परामर्श समितिको प्रतिवेदन सिफारिस,

–श्रोत तथा बजेट सीमा निर्धारण समितिको श्रोत तथा बजेट अनुमानहरु,

–विभिन्न विषयगत विज्ञहरुसँग छलफल गर्दा प्राप्त सुझावहरु,

–विभिन्न विषयगत शाखाहरुबाट प्राप्त राय सल्लाह तथा सुझावहरु,

–गाउँपालिकाले स्वीकृत गरेका विभिन्न नीति, कार्यविधि, ऐन र नियमावलीहरु,

–सिमकोट गाउँपालिकाले अद्यावधिक गरेको मध्यकालीन खर्च संरचनाको प्रतिवेदन,

–अन्तराष्ट्रिय तथा राष्ट्रिय विकास साझेदार संघ सस्थाहरुका राय, सल्लाह तथा सुझावहरु

नीति तथा कार्यक्रमका प्राथमिकता क्षेत्रहरु :

–अर्गानिक कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि र बजारीकरण

–यातायातको दिगो व्यवस्थापन, पूर्वाधार निर्माण तथा दीगो विकास

–गुणस्तरीय शिक्षा तथा रोजगारी

–स्वास्थ्य तथा मानव सामथ्र्य विकास

–जलवायु परिवर्तन न्युनीकरण

–उद्यम, स्वरोजगारी र सहकारीताको विकास

–मानव संसाधन तथा संस्थागत सुशासन

–सूचना प्रविधि तथा सञ्चारमा विकास

–सामाजिक विकास तथा गरिबी निवारण

–संस्कृति तथा पर्यटन प्रबद्र्धन

–वन तथा वातावरण संरक्षण एवं सामुदायिक वनको दीगो प्रयोग

–प्राकृतिक विपद व्यवस्थापन पूर्व तयारी, पुर्नस्थापन, पुनःनिर्माण, राहत तथा उद्दार कार्य, न्यायोचित वितरण, सचेतना कार्यक्रम

–आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरहरुलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रविधिको प्रयोग गरि कार्यन्वयन गरिने आयोजनाहरु छनौट गर्ने, संक्रमण जोखिम रहदा सम्म अशक्त, असहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरिक एवं अपांगता भएका व्यक्तिहरुलाई राहतका कार्यक्रम सञ्चालन गर्ने गरि बजेट विनियोजनको प्राथमिकता

**सम्मानित गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरु,**
**अब म गाउँपालिकाको समग्र नीति प्रस्तुत गर्न चाहान्छु :**

१८. स्थानीय कृषि, पशुपंक्षी,जडीवुटी लगायतका उत्पादनहरुको व्यवसायीकरण मार्फत सामाजिक आर्थिक रुपान्तरण गरी उन्नतशील र आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माणवाट **आर्थिक समृद्धी हाँसिल गर्ने** मुल नीति लिइनेछ।

१९. गाउँपालिकाको एकीकृत र योजनाबद्ध विकासका लागि यातायात गुरुयोजना तर्जुमा गरि कार्यान्वयनमा ल्याईने छ। ग्रामिण क्षेत्रको सडक पूर्वाधारलाई उत्पादनमूलक र स्थानीय अर्थतन्त्रसँग जोड्न **"समृद्धीको मुल आधार, सुरक्षित गाउँ सडक विस्तार"** को नारालाई अभियानका रुपमा लिईने छ। साथै, यसै आ.व. बाट **एक वडा एक नमुना आयोजना** निर्माण गर्ने अभियान सञ्चालन गरिने छ।

२०. गाउँपालिका क्षेत्रमा दुरतररुपमा भईरहेको पूर्वाधार विकासलाई मध्यनजर गर्दै **"सुरक्षित आवास र व्यवस्थित निवास"** को नीति अवलम्बन गर्दै भुकम्प प्रतिरोधात्मक भवनहरु निर्माण गर्न प्रोत्साहन मार्फत **भवन निर्माण मापदण्ड तर्जुमा** गरि कार्यान्वयनमा ल्याईने छ।

२१. सार्वजनिक सेवालाई पारदर्शी, जवाफदेही, दिगो र परिणाममुखी बनाउदै नागकिलाई सूचना, सेवा र अवसरमा विभेद रहित पँहुच अभिवृद्धि गर्न अधिकतम रुपमा विद्युतीय सूचना प्रणाली (E-Governance) को नीति अवलम्बन गरिनेछ। साथै, जनप्रतिनिधि र कर्मचारीहरुको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक विषयगत र क्षेत्रगत क्षमताको विश्लेषण मार्फत संस्थागत सुशासन कायम गर्ने गर्ने मूल नीति लिईने छ।

२२. गाउँपालिका क्षेत्रलाई पर्यटन प्रबद्र्धनका लागि नगरलाई स्वच्छ, स्वस्थ र सफा गाउँपालिकारुपमा स्थापित गर्ने कायलाई उच्च प्राथमिकता दिईने छ। गाउँपालिकाको फोहर व्यवस्थापनका लागि **डम्पीड साईटको सञ्चालन**, सवारी साधान व्यवस्थापन र पार्कीङका लागि बसपार्क सञ्चालनमा ल्याईने छ।

२३. गाउँपालिका क्षेत्रमा बसोवास गर्ने सबै नागरिकको आधारभूत स्वास्थ्य र शिक्षामा सहज पहुँच स्थापना गर्दै सामाजिक आर्थिक रुपले वञ्चितिकरणमा परेकालाई **सहायता, संरक्षण र उद्धार** गरि मुल प्रवाहीकरण गर्ने नीति लिईने छ।

२४. गाउँपालिकास्तरमा **विपद व्यवस्थापन कोष** लाई प्रभावकारीरुपमा अगाडि बढाउने कार्यलाई निरन्तरता दिईने छ। साथै, सम्भावित जोखिम क्षेत्रमा विपद् जोखिम न्युनीकरणका लागि विपद् पूर्व सूचना प्रणाली स्थापनाका गर्न संघ र प्रदेश सरकार सँग थप समन्वय र सहकार्य गरिने छ।

२५. स्थानीय विकासका लक्ष्य हाँसिल गर्न स्थानीय समुदाय, संघ सस्था, दातृ निकाय तथा निजी सँग समन्वय, सहकार्य र साझेदारीको अवधारणा मार्फत स्थानीय विकास निर्माण प्रक्रियामा **सह लगानीको (Co-Finance)** नीति अवलम्बन गरिने छ।

**उपस्थित महानुभावहरु,**

**अब म माथि उल्लेखित समग्र नीतिहरु हाँसिल गर्न यस सिमकोट गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को लागि उप क्षेत्रगत कार्यनीति प्रस्तुत गर्न अनुमति चाहान्छु।**

**क) आर्थिक विकास**

**कृषि खाद्य सुरक्षा तर्फ,**

२६. रैथानेवाली चिनो, फापर, कागुनो सिमी, आलु, ओखर र स्याउको संरक्षण प्रबद्र्धन गर्दै अर्गानिक उत्पादनलाई प्रोत्साहन, संकलन, भण्डार, औद्योगिकरण र बजारीकरण गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिईने छ। साथै, स्थानीय उत्पादनमा विषाधीको प्रयोगमा निषेध गर्दै सम्भावित उत्पादन पकेट क्षेत्र पहिचान गरि व्यवहारिक रुपमा उपयोग मार्फत **अर्गानिक गाउँपालिका घोषणा** गरिने छ। साथै, रैथानेवाली उत्पादनका लागी सामुहीक खेती गर्ने युवाहरुलाई प्रोत्साहन गरिनेछ।

२७. उन्नत बिउ विजन र आधुनिक कृषि प्रविधिको उच्चतम प्रयोगबाट आधुनिक कृषि प्रणाली प्रबद्र्धन गरी उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गरिने छ। साथै, सिमकोट गाउँपालिकामा उत्पादन भएको स्थानीय कृषिउपजलाई **साप्ताहिक कृषि हाट बजार**, कृषि मेला प्रदर्शनी आयोजना मार्फत् बजारीकरणमा प्रबद्र्धन गरिने छ।

२८. **एक गाउँ एक विशेष उत्पादन** अन्तर्गत पकेट क्षेत्र विकास मार्फत् व्यवसायिक उत्पादन गर्न कृषक, कृषक समूह वा सहकारी र निजी क्षेत्र परिचालन गरिनेछ। साथै, जैविक कृषि उत्पादन क्षेत्र घोषणा गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकीय क्षेत्रको नमुना गन्तव्य बनाईने छ।

२९. कृषि जमिन, स्थानीय चरन तथा सार्वजनिक पर्ती जग्गाको नियमन तथा व्यवस्थापन गरिने छ। जमिन बाँझो राख्ने प्रवृत्तिलाई नियन्त्रण गर्न गाउँपालिकाबाट प्रवाह गर्ने सेवा तथा सुविधामा कडाई गर्ने नीतिगत व्यवस्था गरिनेछ।

**पशुपंक्षि तर्फ**

३०. उन्नतजातको पशुपालनका लागि पशुपालन विकास कार्यक्रम (**पशु नश्ल सुधार तथा कृतिम गर्भाधारण**) जोड दिदै बाख्रा, भेडा च्यांग्रापालन, मौरी पालन व्यवसायलाई प्रोत्साहन गर्ने कार्यलाई उच्च प्राथमिकता दिईने छ।

३१. कृषकहरुलाई पशुपंक्षीको अप्रत्याशित क्षति न्यूनीकरण गर्न **पशुपंक्षी बिमा कार्यक्रमलाई** प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ। पशु सेवा शाखाबाट सञ्चालन हुने अनुदानका कार्यक्रमहरुमा अनिवार्य बिमाको नीति लिइने छ। साथै,पशुपंक्षी पालन सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ।

३२. पशुपंक्षी उपचारमा कृषकहरुको पहुँच बढाउन आवश्यकताका आधारमा पशु सेवा प्राविधिकको व्यवस्था गरि पशुपंक्षी उपचार सेवालाई विस्तार गरिने छ। साथै, दुध, मासु र अण्डामा आत्मनिर्भर हुन पशुपंछी व्यवसायलाई प्रवर्दन गर्ने नीतिलाई निरन्तरता दिईने छ।

३३. पशजुन्य खाद्य पदार्थको गुणस्तरीय उत्पादन, प्रशोधन, विविधिकरण र बजारीकरणलाई प्राथमिकता दिँदै विषयगत शाखा र सेवा केन्द्रहरुमा रोग निदानका लागि प्रयोगशाला स्थापना गरिनेछ।

३४. नागरिकको स्वास्थ्य र हित कायम राख्न मासु तथा मासुबाट बन्ने खाद्य पदार्थमा मिसावट रोक्न र मासुमा हुने स्वस्थता तथा मासुको स्वाभाविक गुण बिग्रन नदिई उपयुक्त स्तर कायम राख्नको लागि पशुवधशालाको नियमित अनुगमन गर्ने संयन्त्रको स्थापना गरिने छ। साथै **पशुपंक्षिको मासु जाँच** गर्ने नीतिगत व्यवस्था गरि कार्यान्वयनमा ल्याईने छ।

**सिचाई तर्फ :**

३५. गाउँपालिका भित्रका कृषि योग्य जमिनमा उपलब्ध सिचाई हुने व्यवस्था मिलाईने छ। साथै परम्परागत र आधुनिक सिचाई योजनाहरु थोपा सिचाई र स्प्रिङकल र  सिचाईलाई प्राथमिकता दिईने छ।

**पर्यटन विकास तर्फ**

३६. पर्यटनको प्रतिफल ग्रामीण जनस्तरसम्म पु¥याई गरिबी न्यूनीकरणमा सघाउन पर्या– पर्यटन, कृषि पर्यटन तथा ग्रामीण पर्यटन विकासका लागि सामुदायिक एवम् **निजी घर आवास (होमस्टे)** को स्तरवृद्धि लगायतका प्रबद्र्धनात्मक कार्यलाई थप प्रभावकारी बनाईने छ। गाउँपालिका क्षेत्रमा सञ्चालन भएका होमस्टे बस्ती को घरमा एकै रंग रोगन गर्न प्रोत्साहन गरिने छ।

३७. पर्यटकीय गन्तव्यकोरुपमा रहेको मानसरोवर कैलाश दर्शनमा आउने पर्यटकहरुको ट्रान्जिट स्थल सिमकोट गाँपालिका रहेको हुदा आगन्तुक पर्यटकहरुलाई स्थानीय कला संस्कृति र पर्यटन क्षेत्रको ज्ञान, जानकारी लिन यस गाउँपालिकामा **One Day Stay** को नीति लाई निरन्तरता दिईने छ।

३८. पर्यटन प्रबद्र्धन र प्रभावकारी व्यवस्थापनका लागि अन्तर स्थानीय तह समन्वय, सहकार्य र साझेदारीको नीति लिई प्रर्यटन क्षेत्रलाई व्यवसायीक रोजगारी संग जोडन विशेष पहल गरिने छ। साथै, पञ्चमुखी, रलिङ गुम्बा,

शिवमन्दिर र खार्पुनाथलाई आन्तरिक पर्यटन प्रवद्र्धन गरिने छ भने स्थानीय चाड, पर्वहरुलाई प्रोत्साहन गरिनेछ । .

**उद्योग तथा वाणिज्य :**

३९. स्थानीय स्रोत एवम् सीपको उपयोग गरी लघु, घरेलु, साना, उद्योगको स्थापना र सञ्चालनलाई प्रबद्र्धन गर्दै कानुन बमोजिम घरेलु तथा साना उद्योगको दर्ता तथा नविकरण स्थानीय तहबाट गर्ने व्यवस्था मिलाईने छ ।

४०. स्थानीय जडीवुटी जन्य, कृषि जन्य उत्पादनमा आधारित साना तथा घरेलु उद्योगहरुको विकासलाई प्राथमिकता दिई स्वरोजगार सृजना गर्न र स्थानीय उत्पादन वस्तुहरुको सहज बजार सँग पहुँच विस्तारका लागि निजी क्षेत्र सँग समन्वय र सहकार्य गरिने छ ।

**सहकारी तथा गरिबी निवारण तर्फ**

४१. सहकारीहरुलाई उत्पादनशील बनाउदै गरिबी निवारण गर्ने उद्देश्यले सबै प्रकारका सहकारीहरुलाई उत्पादन तथा स्वरोजगारका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

४२. गाउँपालिका क्षेत्र भित्र रहेका सबै सहकारी संस्थाहरुको व्यवसायिक कारोबारलाई स्थानीय तहमा दर्ता तथा नविकरण गर्ने व्यवस्था मिलाईने छ । साथै, कृषि, पशु सेवा, महिला विकास र स्वास्थ्य शाखाबाट गठन भएका समूहहरुलाई वित्तीय साक्षरता तथा सहकारी सचेतना सम्बन्धी अभिमुखीकरण गरि सहकारीमा आबद्ध गर्न प्रोत्साहन गरिनेछ ।

४३. सिमकोट गाउँपालिका भित्र रहेका बेरोजगार नागरिकहरुलाई मर्यादित काम, सामजिक सुरक्षा र आर्दश श्रमको सम्मान गर्न सुचीकृत बेरोजगार १३८ जना लाई कम्तीमा १०० दिन बराबरको रोजगारी उपलब्ध गराईने व्यवस्था गरिने छ ।

४४. विपन्न परिवार, लक्षित समुदायका व्यक्ति, बेरोजगार रहेका युवा, बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुका लागि रोजगार सृजना हुन सक्ने क्षेत्रहरुको पहिचान मार्फत सेवाको विशिष्टीकरण गरि हस्तकला, प्लम्बिङ, बिजुलि मर्मत, इलेक्ट्रोनिक्स, कुक, कालिगड, सिकर्मी, सिलाई कटाई, डकर्मि, ब्युटिसियन, कपाल कटाई, ड्राइभिङ्ग लगायतका सिप विकास तालिम तथा सञ्चालन गरिने छ । साथै, उद्यम गर्ने युवाहरुलाई सहुलियत ऋणका लागी सहजीकरण गरिने छ ।

४५. संघीय सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रम र प्रदेश सरकारको मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राप्त अनुदानलाई विकास निर्माणका योजना कार्यान्यवन ल्याइने छ । साथै, स्थानीय सरकारका विकास निर्माणका योजनाहरुमा लागत साझेदारीका माध्यमबाट विकास निर्माणका योजना सञ्चालनमा ल्याइने छ ।

**उपस्थित महानुभावहरु,**

**अब म सामाजिक विकास तर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु ,**

**सामाजिक विकास**

**शिक्षा, युवा तथा खेलकुद तर्फ :**

४६. शिक्षासँगै सीप भन्ने अभियानका साथ आधारभूत तहमा अध्ययन गर्ने विद्यार्थीको लागि स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ । साथै **शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग,** श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न विद्यार्थीलाई कक्षा कोठाबाटै व्यवसायिक ज्ञान र सीप प्रदान गर्न कार्यक्रम सञ्चालन गरिने छ ।

४७. सिमकोट गाँउपालिका भित्र रहेका विद्यालयहरुको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरीय शिक्षाको प्रबद्र्धन र विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययन गर्न प्रोत्साहन गर्न एस.इ.ई.मा **उत्कृष्ट विद्यार्थीहरुलाई सम्मान** तथा प्रोत्साहन गर्ने नीतिलाई प्रभावकारी कार्यान्वयन गरिने छ ।

४८. भौगोलिक समिपता तथा न्यून विद्यार्थी भई समायोजन भई जाने विद्यालयको सिकाई उपलब्धी सुनिश्चत गर्न कक्षा कोठा र भवनको उचित व्यवस्थापन गरि **आवासीय विद्यालय सञ्चालनका** लागि नीतिगत व्यवस्था गरि कार्यान्वयनमा ल्याईने छ ।

४९. गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा जेष्ठताका आधारमा विद्यालय विकास प्रस्ताव तथा **कार्य सम्पादन कारारका आधारमा प्रधानाध्यापक छनोट** गर्ने कार्य नीतिगत व्यवस्था गरि कार्यान्वयनमा ल्याईने छ । साथै नजिताको आधारमा गाउँपालिकाबाट विद्यालय विकासको लागि आर्थिक सहयोग गरिनेछ ।

५०. गाँउपालिका क्षेत्रभित्र रहेका विद्यालयहरुबाट गरिब,विपन्न,सहीद परिवार, अपाङ्ग,महिला,दलित,सीमान्तकृत वर्गका छात्रछात्रा तथा जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा, प्राविधिक शिक्षा र एम. वि.वि.एस. अध्ययनमा प्रोत्साहित गर्न **अध्यक्ष उपाध्यक्ष कल्याणकारी छात्रवृति कोष** स्थापना गरि कार्यन्वयनमा ल्याईने छ । साथै एस.इ.इ्. परीक्षाको पूर्व तयारीका लागि ट्युसन फिस उपलब्ध गराउने ब्यवस्था मिलाईनेछ ।

५१. गाउँपालिकामा विद्यालय सेवा क्षेत्रभित्रका विद्यालय उमेरका सबै बालबालिकाहरुलाई विद्ययालयमा अनिवार्य भर्ना गराईने छ । साथै विद्यालयहरुमा पूर्वप्राथमिक, आधारभूत तथा माध्यमिक तहको खुद भर्ना दरमो वृदि गर्ने नीति लिईने छ ।

५२. गाउँपालिका क्षेत्र भित्रका बालविकास केन्द्र अध्यापन गदै आएका सहजकर्ताहरुलाई बाल शिक्षामा खेल्दै सिक्दै अभियान सञ्चालन गर्न तालिमको व्यवस्था मिलाईने छ । सोको कक्षाकोठामा प्रयोगको अवस्था मूल्यांकनका आधारमा उचित पुरुस्कारको व्यवस्था गरिने छ । साथै अनौपचारिक शिक्षा व्यवस्थित गर्न सामुदायिक सिकाइ केन्द्रको संस्थागत तथा क्षमता विकास गरिने छ । साथै सामुदायकि सिकाइ केन्द्र मापर्mत निरन्तर शिक्षा तह एक र दुई लागु गरि आगामी पाँच वर्ष भित्र **पूर्ण साक्षर गाउँपालिका घोषणा** गरिने छ ।

५३. राष्ट्रपति रनिङ्ग शिल्ड तथा अध्यक्ष कप लाई थप व्यवस्थित गरिने छ । साथै युवा नमुना युवा संसद कार्यक्रमलाई प्रवद्र्धन गर्दै युवाहरुलाई उत्प्रेरणा हुने कार्यक्रमहरु सन्चालन गर्दै विभिन्न खेलकुदहरुको प्रवद्र्धनका लागी उच्च प्राथमिकता दिईने छ ।

**स्वास्थ्य तथा पोषण**

५४. **"स्वस्थ गाउँपालिका, समृद्ध जनताः आधारभुत स्वास्थ्य हाम्रो प्रतिबद्धता"** नारालाई आत्मसाथ गर्दै सर्वव्यापी पहुँचको अवधारण अनुसार द्धन्द्ध पीडित एकल महिला, जेष्ठ नागरिक, अपांगता, गर्भवती महिला र दिर्घरोगीहरुलाई निः शुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ । साथै वृद्ध,असहाय र अपांगता भएका व्यक्तिहरुका लागी **विशेषज्ञ सेवा शिविर** सञ्चालनका लागि व्यवस्था मिलाईनेछ ।

५५. गाउँपालिका अन्र्तगतका स्वास्थ्य चौकीको सेवालाई स्तरबृद्धि गरी स्वास्थ्य चौकी स्तरमै अन्तरङ्ग सेवा सञ्चालन गरी बिरामीलाई भर्ना गरी उपचार गर्ने व्यवस्था मिलाईने छ । साथै, **स्वास्थ्य बिमा कार्यक्रमलाई** आगामी आ.व.मा सबैको पहुँचमा पुर्याउन आवश्यक नीति निर्माण गरी कार्यन्वयन ल्याईनेछ ।

५६. गाउँपालिका क्षेत्र भित्र सञ्चालन भएका सामुदायिक, निजि तथा गैरसरकारी क्षेत्रका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुवाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य मार्फत अनुगमन गर्दै उक्त स्वास्थ्य संस्थाहरुलाई सिमकोट गाउँपालिकामा दर्ता गरी व्यवस्थित र नियमन गर्दै लगिने छ ।

५७. **अध्यक्ष उपाध्यक्ष ल्याउदैछन कोसेली, गर्भवती सुत्केरीको हात हातमा पोषण थैली** कार्यक्रम मार्फत गर्भवती र सुत्केरी महिलालाई प्रोत्साहन गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

५८. जेष्ठ नागरिक, अपांगता, असहाय, अशक्त महिलाहरुलाई स्वास्थ्यको पहुँच अभिवृद्धि गर्न एकीकृत घुम्ती स्वास्थ्य शिविर तथा घुम्ती खोप शिविर सञ्चालन मार्फत सेवा प्रदान गरिने छ । साथै, चार वटा स्वास्थ्य संस्थाहरुमा रेफ्रीजेरेटरको व्यवस्थापन गरी खोप भ्याक्सीन बफर स्टक स्थापना, प्रोटेबल एक्सरे तथा आधारभुत ल्याब सेवा विस्तार र विकास गरिनेछ । सोका लागि **स्वास्थ्य सस्थाहरुमा २४ घण्टा सेवा सञ्चालनका** लागि आवश्यक प्रोत्साहन तथा अन्य व्यवस्थापन कार्यलाई जोड दिइने छ ।

**महिला बालबालिका र जेष्ठ नागरिक तर्फ**

५९. विपन्न तथा पछाडि परेका महिलाहरुलाई महिला विकास कार्यक्रम मार्फत महिला समुह तथा समितिहरुको गठन तथा पुर्नगठन गरि समुहमा आबद्ध गराईनेछ । सामाजिक परिचालनको माध्यमबाट महिला सञ्जालका सदस्यहरुलाइ जीविकोपार्जन प्रबद्र्धन, बचत तथा सीपमूलक र नेतृत्व विकासमा क्षमता अभिवृद्धि गर्दै समितिको संस्थागत विकास गर्ने नीति लिइने छ ।

६०. लैंगिक विभेद, बालविवाह, बहुविवाह, छाउँपडी प्रथा, छुवाछुत प्रथा जस्ता सामाजिक विकृति, लागु औषधी दुव्र्यसन र यसका असर र तत् सम्बन्धमा भएका विभिन्न कानूनी व्यवस्थाहरु बारे सचेतीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै,**हिंसाविरुद्ध शून्य सहनशीलताको नीति** लिईनेछ।

६१. नेपाल सरकारले प्रतिबद्धता गरिको दिगो विकास लक्ष्य हाँसीलमा टेवा पुरयाउनका साथै बालबालिकाको सर्वाङ्गीण विकासका लागि सिमकोट गाउँपालिकामा बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन गरिने छ। बालमैत्री स्थानीय शासन वडा घोषणाका आधारभूत सुचकहरुको अध्ययन, विश्लेषण गरि **एक वडा लाई बालमैत्री वडा घोषणा** गरिने छ।

६२. सिमकोट गाउँपालिका क्षेत्र भित्र रहेका एकल,अनाथ, असहाय, विपन्न,गरिब तथा जोखिममा रहेका बालबालिकाको संरक्षणका लागि **बालबालिका संरक्षण आकस्मिक कोष स्थापना** गरिने छ। साथै विगत वर्षमा रहि आएको दान बक्स लाई अद्यावधिक गर्न नीतिगत व्यवस्था गरि कार्यान्वयनमा ल्याईने छ।

६३. ज्येष्ठ नागरिकहरुलााई सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई घरदैलो सम्मै पुरयाउने व्यवस्था गरिने छ। साथै, सुरक्षित र सम्मानपूर्वक जीवनयापनका **"न्यानो घर कार्यक्रम**" सञ्चालन मार्फत सबै जेष्ठ नागरिकलाई चिसो मौसममा न्यानो लुगा वितरण गर्ने व्यवस्था मिलाईने छ।

६४. सिमकोट गाउँपालिका क्षेत्रमा , आय आर्जन, सिप विकास र मार्फत गाउँपालिकामा उत्कृष पेशा, व्यवसाय गरि स्वरोजगार बन्न नमुना कार्य गर्ने उद्यमी महिलालाई थप प्रात्साहन र सशक्तिकरण गर्न **उपाध्यक्ष महिला उद्यमी सम्मान** कार्यक्रमको सुरुवात गरिने छ।

**सामुदायिक विकास, खानेपानी तथा सरसफाई तर्फ :**

६५. सिमकोट गाउँपालिका भित्र सामाजिक विकास कार्यक्रम सञ्चालन गर्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु, संञ्चार माध्ययमहरुलाई अनिवार्य रुपमा सुचीकृत गरि समन्वय र सहकार्यका आधारमा कार्य सञ्चालनलाई एकीकृत गरिने छ। साथै सञ्चालन हुने कार्यक्रमलाई गाउँपालिकाको वार्षिक कार्यक्रम भित्र समेटिने व्यवस्था मिलाईने छ। स्थानीय विकास लक्ष्यलाई हाँसील गर्न **समन्वय, सहकार्य र साझेदारीको नीति** अवलम्बन गरिने छ।

६६. सुन्दर, सफा र स्वच्छ सिमकोट अभियानलाई सार्थक बनाउनका लागि स्वच्छ र सफा घर आगन कार्यक्रम सञ्चालन मार्फत पूर्ण सरसफाई उन्मुख गराईने छ। फोहरको उचित व्यस्थापनका लागि नागरिकहरु सँगको समन्वयमा **एक घर एक कम्पोस्टमल खाडल** र उद्योगी व्यवसायी सँगको समन्वयमा **एक पसल एक डस्टविन** राख्ने व्यस्थालाई अनिवार्य गरिने छ। साथै, प्रत्येक घरबाट उत्सर्जन हुने फोहरमैलाहरुको वर्गीकरण गरी दिर्घकालीन व्यवस्थापनका लागि **डम्पीङ साईट सञ्चालनमा** ल्याईने छ।

६७. **एक घर एक धाराको** नीतिलाई अवलम्बन गरिव स्वच्छ र गुणस्तरीय खानेपानीमा सहज पहुँच विस्तार गरि सुरक्षित खानेपानी समुदाय घोषणा गर्ने अभियानलाई प्राथमिकता दिईने छ। साथै, खानेपानी वितरण प्रक्रियामा सुधार गर्दै प्रत्येक धारामा मिटर जडान मार्फत व्यवस्थित गर्ने कार्यलाई उच्च प्राथमिकता दिईने छ।

**सामाजिक सुरक्षा र पञ्जीकरण तर्फ**

६८. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप व्यस्थित बनाउन सबै लाभग्रहीको **फोटो सहितको परिचय पत्र** बनाई लागु गरिने छ। साथै, बैकिङ प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप व्यवस्थित र समयमा नै उपलब्ध गराउन थप अन्य बैंक सँग सम्झौता गरि वितरण प्रक्रियालाई सहज बनाईने छ।

६९. सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको शारिरीक अवस्था, भौगोलिक अवस्थालाई ध्यान दिई परिचय पत्र नविकरण, भत्ता वितरण प्रक्रियालाई सहज बनाउन बैंक, सुरक्षा निकायका प्रतिनिधि, गाउँपालिकाको संयुक्त टोलीबाट घुम्ति शिविर कार्यक्रम सञ्चालन गरि सहज बनाईने छ।

७०. व्यक्तिगत घटना दर्ता ख्म्च्क्ए अनलाईन प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाईने छ। साथै, घटना दर्ता प्रक्रियामा नागरिकको संलग्नता वृद्धि गर्न घटना दर्ता शिविरहरु आयोजना गरि थप प्रभावकारी बनाईने छ।

**उपस्थित महानुभावहरु,**

**अब म पूर्वाधार विकास तर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु।**

**(ग) पूर्वाधार विकास**

**सडक तथा पुल :**

७१. सिमकोट गाउँपालिकामा भौतिक पूर्वाधार विकासलाई प्रभावकारी बनाउन भौतिक पूर्वाधार प्रोफाईल तयार गरिने छ। आयोजनाको छनौट गर्दा नेचरवेस आयोजनालाई उच्च प्राथमिकता दिईने छ। साथै पूर्वाधार विकास सेवालाई थप प्रभावकारी बनाउन कर्मचारीहरुको सिप विकासमा आवश्यता पहिचान गरि क्षेत्रगतरुपमा क्षमता विकास गरिने छ।

७२. सिमकोट गाउँपालिको **यातायात गुरुयोजना** (Municipal Transport Master Plan-MTMP) निर्माण गरि कार्यान्वयनमा ल्याईने छ। सो अनुसार प्राथमिकरण गरिएका सडकहरुको विस्तार एवं स्तरोन्नति गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अगाडी बढाईने छ। साथै, निर्माण भएका सडकहरुको लगत कट्टा गरि ब्यवस्थित गरिने छ।

७३. गाँउपालिकाको केन्द्र सिमकोट देखि सबै वडामा चौडा सडक निर्माण र बनेका सडकहरुलाई ग्राभेल गर्न बजेट विनियोजन गरिने छ र हुम्ला जिल्लाको उत्तर र दक्षिण भाग जोड्ने सडक विस्तार तथा निर्माण कार्यलाई उच्च

प्राथमिकता गरिने छ। साथै **ग्रामिण क्षेत्रको विकास स्थानीय अर्थतन्त्र सँग जोड्न विशेष नीति** अवलम्बन गरिने छ। सोका लागि संघ, प्रदेश सरकार सँग आवश्यक पहल गरिने छ।

७४. गाँउपालिका क्षेत्र भित्र आवश्यक ठाँउहरुमा साना पक्की पुल तथा झोलुङे पुल निर्माणमा विशेष ध्यान दिईने छ। साथै ठुला तथा मोटरे पक्की पुल निर्माणका लागि सम्बन्धित निकायहरु सँग विशेष जोड दिईनेछ।

७५. सिमकोट गाँउपालिकामा सञ्चालित सबै सडक नियमित सञ्चालनमा ल्याईनेछ । साथै, यातायातका सवारी साधनहरुलाई व्यवस्थापन गर्न सिमकोट क्षेत्रमा निर्माणाधिन **मिनी बसपार्क सञ्चालनमा ल्याईने** छ।

७६. सिमकोट गाउँपालिका क्षेत्र भित्रका सडक,भवन लगायतका पूर्वाधारहरुको नियमित मर्मत सम्भार तथा स्तरोन्नति गर्न गाउँपालिकामा एक **मर्मत सम्भार कोषको व्यवस्था** गरिने छ। सोही अनुसार पूर्वाधारहरुको मर्मत सम्भार कार्यको सुरुवात गरिने छ ।

**भवन तथा सहरी विकास**

७७. नागरिकको सुरक्षित आवास र व्यवस्थित निवासका लागी बस्ति विकास, सहरी योजना र भवन निर्माणका लागी **नक्सा पास कार्यविधि र भवन निर्माण मापदण्ड तर्जुमा** गरि कार्यान्वयनमा ल्याईने छ।

७८. गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह गर्न वडा कार्यालयहरु, स्वास्थय चौकीहरु, विद्यालयका भवन निर्माण गराउन आवश्यकता अनुसार उच्च प्राथमिकता दिईने छ । भवनहरु निर्माण गर्दा **भुकम्प प्रतिरोधात्मक, अपांगतामैत्री, बालमैत्री र लैगिंकमैत्री भवन निर्माण** गरिने छ।

**सुचना तथा सञ्चार प्रविधि तर्फ**

७९. सूचना सञ्चार र प्रविधिमा सबै नगरवासीहरुको पहुँच पुर्याउन विकास सँग सञ्चार, सञ्चार सँगै विकासको अवधारणा आत्मसाथ गर्दै प्रभावकारी दूरसञ्चार सेवाको मार्फत सबै वडा कार्यालय सम्म वाईफाई नेटको जडान गरिने छ। वडा कार्यालयबाट सम्पादन हुने सबै कार्यलाई ल्भतधयचप ऋयललभअतष्खष्तथ मा लागि थप व्यवस्थित गरिने छ।

८०. सिमकोट गाउँपालिकाको वस्तुस्थिति झल्किने गरि डिजिटल गाउँ पाश्र्वचित्र – **Municipal Digital Profile** निर्माण गरि नियमित अद्यावधिक गर्ने व्यवस्था मिलाईने छ । **GIS Based House Numbering** गर्ने कार्यलाई प्राथमिकिता दिईने छ । साथै,सिमकोट गाउँपालिमा विद्युतीय सुशासन प्रबद्र्धन गर्न **Digital Citizen Charter** मार्फत सेवाको जानकारी दिने व्यवस्था मिलाईने छ।

८१. सिमकोट गाउँपालिकामा एकीकृत र प्रविधिमैत्री सेवा प्रवाह गर्न सुचना प्रविधि केन्द्रहरु (**Information Techno Hub**) स्थापना गरि डिजिटल नगरका रुपमा विकास गरिने छ।

**उपस्थित महानुभावहरु,**

**अब म वन,वातावरण र भुसंरक्षण तर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु।**

**वन, वातावरण तथा विपद व्यवस्थापन**

**वन, वातावरण तथा भुसंरक्षण :**

८२. वन क्षेत्रको उत्पादकत्व, दिगो उपयोग तथा पुनःउत्पादन वृद्धि र जैविक विधिताको संरक्षण र प्रबद्र्धन मार्फत जलवायु परिवर्तन अनुकुलनका कार्यक्रमहरुलाई उच्च प्राथमिकताका साथ सञ्चालन गरिने छ । साथै, वातावरण संरक्षण र विपद व्यवस्थापनका लागी विभिन्न सामाजिक संघ, सस्थाहरु संग समन्वय र सहकार्य र साझेदारीको नीति अवलम्बन गरिने छ ।

८३. भुमि र वन क्षेत्रलाई संरक्षण र विकासका लागि एक व्यक्ति एक बोट कार्यक्रम मार्फत वृक्षारोपण गरिने छ । पानीका मुहान तथा कुलकुलेसाहरु संरक्षण तथा व्यवस्थित गरिने छ र भिरालो जमिनको SALT प्रविधि अवलम्बन गर्ने नीति लिईने छ । साथै  कटान भएका क्षेत्रमा वृक्षारोपण मार्फत भुंरक्षणका कार्यक्रमहरु प्राथमिकता दिईने छ ।

८४. गाउँपालिका क्षेत्र भित्र सम्भाव्यताका आधारमा जडीवुटी खेती प्रबद्र्धन र गैरकाष्ट वन पैदावारको सदुपयोग गरि वन क्षेत्रलाई जीविकोपार्जन सँग जोडिने छ ।

**जोखिम न्युनीकरण तथा विपद व्यवस्थापनः**

८५. सिमकोट गाउँपालिकामा **विपद व्यवस्थापन कोषको स्थापना** गरी कोष सञ्चालन ल्याईएकोमा यसलाई निरन्तरता दिईने छ ।

८६. मानवीय र प्राकृतिक विपत्तिका कारणले हुने आकस्मिक घटनालाई तत्काल उद्धार गर्न **आकस्मिक प्रतिकार्य टोली तयार** गरि निजको क्षमता विकास गरिने छ ।

**उपस्थित महानुभावहरु,**
**अब म सुशासन तथा संस्थागत विकास तर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु**
**ङ) सुशासन तथा संस्थागत विकास तर्फ**

**संस्थागत क्षमता तथा मानव संसाधन विकास तर्फ**

८७. गाउँपालिको संगठन संरचनालाई आवश्यक अनुसार पुनरावलोकन गरि कर्मचारी प्रशासनलाई चुस्त,  दुरुस्त बनाउन समय साँपेक्ष जनशक्ति तयार गर्ने नीति लिइने छ । साथै,संगठन संरचना तयार गरि सो अनुसार कर्मचारीहरुको व्यवस्थापन गरिने छ । साथै, आन्तरिक सञ्चार प्रणाली लाई सुधार गरि चुस्तदुरुस्त बनाईने छ ।

८८. सिमकोट गाउँपालिकाको सेवा प्रवाहलाई थप सहज र प्रभावकारी बनाउन **नगर प्रहरी परिचालन तथा व्यवस्थापन** सम्बन्धि आवश्यक ऐन र कार्यविधि बनाई लागू गरिने छ । नगर प्रहरीलाई बजार अनुगमन, अतिक्रमण नियन्त्रण, राजस्व संकलन, विपद, उद्धार तथा राहत वितरण लगायतका कार्यमा परिचालन गरिनेछ ।

८९. सिमकोट गाउँपालिकाको संस्थागत स्वमुल्यांकनका आधारमा राम्रा अभ्यासहरुको निरन्तरता दिदै आवश्यक क्षेत्रमा निर्वाचित जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिमहरु तथा अभिमुखीकरण कार्यक्रम र प्रशासनिक कार्यको अनुभव आदान प्रदान गर्न अवलोकन भ्रमणलाई प्रोत्साहन गरिने छ ।

९०. गाउँपालिकाको संस्थागत सुशासन र मानव संसाधन विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुसंग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिईने छ । गाउँपालिकाको सेवा प्रवाहलाई थप व्यस्थित र प्रभावकारी बनाउन **नागरिक सहायता कक्षलाई सञ्चालन** गरिनेछ ।

९१. देश र जिल्लाका अन्य स्थानीय तह सँग भगिनी सम्बन्ध स्थापना तथा विस्तार गर्ने, अनुभव आदान प्रदान गर्ने र सो को माध्यमबाट आन्तरिक लगानी आकर्षण गर्ने नीति अवलम्बन गरिने छ ।

**कानुनी मामिला तथा न्यायिक तर्फ**

९२. अद्यावधिक मेलमिलापकर्ताहरुको क्षमता विकास, मेलमिलाप कार्यलाई प्रोत्साहन गर्दै मेलमिलापको माध्यमबाट विवादहरु मिलाउन **वडास्तरमा मेलमिलाप केन्द्रको स्थापना** तथा सवलीकरण गरी मेलमिलाप कार्यलाई प्रभावकारी बनाइने छ ।

९३. नेपालको संविधानको धारा २१७ बाट प्रदत्त स्थानीय तहको न्यायिक अधिकार अन्तर्गत सिमकोट गाउँपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र, पारदर्शि, पहुँच योग्य, सक्षम एवं विश्वसनीय बनाइने छ ।

**राजस्व परिचालन, वित्तीय अनुशासन र वित्तीय जोखिम न्युनीकरण तर्फ**

९४. राजश्व परामर्श समितिलाई क्रियाशिल बनाउनका लागि क्षमता विकास गरिने छ । साथै गाउँपालिकाको **राजश्व सुधार योजना** तर्जुमा गरि कार्यान्वयनमा ल्याईने छ । घर दैलोबाट कर उठाउन राजश्व परिचालन कार्यदल गठन गरिनेछ । कार्यदललाई उत्प्रेरणात्मक व्यवस्था कायम गर्न थप प्रोत्साहनको व्यवस्था समेत कायम गरिने छ ।

९५. स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी व्यवस्थाको पूर्णरुपमा पालना गर्दै आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरि कार्यान्वयनमा ल्याईने छ । साथै, व्यावसायिक, दक्ष र सुदृढ प्रशासनको विकास गर्ने र राजश्व परिचालनका दायरा बढाउन राजश्व सम्बन्धि अध्ययन गरिने छ । करका दायरा फराकिलो गरी न्युनतम करको दरबाट बढी राजश्व संकलन गर्ने नीति लाई निरन्तरता दिईने छ ।

९६. सम्पति कर, मालपोत कर तथा भूमिकरलाई समय सापेक्ष बनाउदै वडास्तरबाटै राजश्व संकलन कार्यलाई थप प्रभावकारी बनाईनेछ । साथै करदाताले सहज कर तिर्न सक्ने अनलाईन भुक्तानी प्रणाली (**Online Payment System** यसै आ.व.बाट लागु गरिने छ ।

९७. प्राकृतिक श्रोत तथा खनिज जन्य सामग्रीको बिक्री दर निर्धारण गरी गाउँपालिका  क्षेत्र भित्र पर्ने नदी तथा सार्वजनिक स्थलबाट बालुवा, ग्राभेल, माटो र ढुंगा उठाउने कार्यलाई लाई दिगो वातावरण मैत्री बनाउदै राजश्व परिचालनको प्रमुख आधारको रुपमा विकास गरिने छ ।

९८. राजश्व संकलन लाई प्रभावकारी बनाईनेछ । भविष्यमा अनुदानमा आधारित बजेटको श्रोतलाई राजश्व वृद्धि बढोत्तरीले प्रतिस्थापन गर्ने नीति लिईने छ । साथै, गाउँपालिकाको बेरुजुलाई घटाँउदै **शुन्य बेरुजु अभियान सञ्चालन** गरिने छ ।

**आन्तरिक लेखा परीक्षण, आन्तरिक व्यवस्थापन,खरिद र उपभोक्ता हित संरक्षण :**

९९. सिमकोट गाउँपालिकामा चौमासिक रुपमा आन्तरिक लेखा परीक्षण गरि प्रतिवेदन पेश गरिने छ तथा लेखा परीक्षणका विद्यमान प्रावधानका बारेमा सरोकारवालाहरुलाई अनुशिक्षण दिइने छ ।

१००.आन्तरिक व्यवस्थापन तथा सार्वजनिक खरिद कार्यलाई पारदर्शि, मितव्ययी र प्रतिस्पर्धात्मक बनाउदै लगिने छ । साथै, Public Assets Management (PAM) सफ्टवेयरलाई प्रभावकारी तवरले लागु गरि जिन्सी सामानहरुको उचित व्यवस्थापन गरिने छ ।

१०१.सिमकोट गाउँपालिको कार्यालय र वडा कार्यालयको जिन्सी अभिलेखीकरण थप व्यवस्थित गर्दै लगिने छ । साथै गाउँपालिकाले खरिद गर्ने सम्पूर्ण जिन्सी सामानहरुको विवरण सार्वजनिक गरिने छ ।

१०२.उपभोक्ता हित संरक्षण र प्रबर्धनको लागि उपभोक्ता र विभिन्न पेशा व्यवसायीहरुलाई उपभोक्ता हित सम्बन्धी ऐन, कर शिक्षा सम्बन्धी कानूनका विषयमा जानकारी तथा चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण विषयका विशेषज्ञ सहित महिनाको एक पटक बजार अनुगमनलाई निरन्तरता दिइने छ ।

**अन्त्यमा,**

१०३. उल्लिखित नीति, कार्यक्रममा सामान्य भाषिक त्रुटिहरु हुन सक्छन । यसको लागि सम्मानित गाउँ सभा समक्ष क्षमायाचना गर्दै यदि त्यसो हुन गएमा सच्याउनका लागि गाउँ कार्यपालिका मार्फत सम्मानित गाउँ सभा समक्ष सादर अनुमति मागेको छु । साथै गाउँपालिकाले पेश गरेका आ.व. ०८०।०८१ का नीति, कार्यक्रम स्वीकृतिको लागि पेस गरेको छु ।

सम्मानित गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरु,

१०४.नेपालको संविधान र प्रचलित कानून बमोजिम मैले सम्मानित कार्यपालिकाको सर्वसम्मत निर्णयबाट उल्लिखित आगामी आ.व.२०८०/०८१ का लागि नीति,कार्यक्रम तथा बजेट तय गरी यस सम्मानित गाउँ सभा समक्ष प्रस्तुत गरेको छु । कार्यक्रम अनुसार बजेट तय गरेको छु । कार्यक्रम तयार गर्दा उल्लिखित नीतिहरुलाई मूल आधारको रुपमा लिएको छु । नीतिहरु कार्यान्वयनका लागि स्रोत र साधनको व्यवस्था गरी क्रमशः लागु गर्दै जान सम्मानित गाउँ सभा समक्ष सादर जानकारी गराएको छु । साधन स्रोतको सिमितताले मैले माथि उल्लिखित नीतिहरु पूर्ण रुपमा तत्काल आगामी आ.व.२०८०८१ मा कार्यान्वयन गर्न असमर्थ हुने देखि सम्मानित गाउँ सभा समक्ष सादर सूचना प्रेषित गरेको छु । तथापि क्रमशः कार्यान्वयन गर्दै लगिने प्रतिज्ञा व्यक्त गरेको छु ।

१०५.नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा संघीय सरकार,प्रदेश सरकार, नागरिक समाजका प्रतिनिधिबाट प्राप्त सुझाव,सहयोग तथा प्रेरणा प्रति आभार प्रकट गर्दछु । हामीले गरेको आग्रहलाई स्वीकार गरी छलफलमा उपस्थित भै उल्लिखित सुझाव दिनु हुने गाउँ कार्यपालिकाका सदस्यज्यूहरू, विभिन्न विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु लगायत विभिन्न क्षेत्रमा विज्ञता प्राप्त व्यक्तित्व महानुभावहरु, राजनितिक दलका प्रमुख एवं प्रतिनिधिहरु, जिल्ला स्थित सरोकारवालाहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । बजेटको सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल गरी प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सुझाव दिनुहुने गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी मित्रहरु,विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरू, करदाता, उद्यमी, व्यापारी व्यवसायी, समाजसेवी, ज्येष्ठ नागरिक, नागरिक समाजका अगुवाहरु, पत्रकार मित्रहरु, यस गाउँपालिकालाई सहयोग पुरयाउने अन्तराष्ट्रिय गैसस र गैसस हरु सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

१०६.हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनुहुने सम्पूर्ण आदरणीय व्यक्तित्वहरु प्रति हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत नीति,कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझावहरुलाई मार्गदर्शनको रूपमा लिएर सिमकोट गाउँपालिका अगाडि बढ्ने विश्वास दिलाउदै कार्यक्रमको सफल कार्यान्वयनमा सबैको सहयोग निरन्तर रहने अपेक्षा गरेको छु ।

**विजय भण्डारी**
**अध्यक्ष**